प्रति इकाई अंकित मूल्य रु.१०/- दरको १२,००,००,००० (बाह्र करोड) इकाई मध्ये न्यूनतम १,८०,००,००० (एक करोड असि लाख) वा कुल बिक्री भएको इकाई संख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई कोष प्रवर्द्धक श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेडलाई सुरक्षित राखी बाँकी न्यूनतम १०,२०,००,००० (दश करोड बीस लाख) इकाई स्वीकृत विवरण पुस्तिकाको शर्तानुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिनेछ ।

"कोष प्रवर्द्धकले यस योजनाद्वारा बिक्री गर्ने कुल इकाई रकमको १५ (पन्ध्र) प्रतिशतले रु. अठार करोड रकम बिज पूँजीको रुपमा लगानी गर्नेछ" ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

योजना व्यवस्थापक: आरविवि मर्चेन्ट बैंकिङ्ग लि. RBB MERCHANT BANKING LTD. A subsidiary company of Rastriya Banijya Bank Ltd.

कोष प्रवर्द्धक: राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईंको आफ्नै बैंक

RBB MUTUAL FUND

आरविवि म्युचुअल फण्ड
अन्तर्गत सञ्चालन हुने

निष्कासन खुल्ला हुने मिति	२०८०/०१/१७ गते
निष्कासन बन्द हुने मिति (छिटोमा)	२०८०/०१/२१ गते (बैंकिङ्ग समय पश्चात्)
निष्कासन बन्द हुने मिति (ढिलोमा)	२०८०/०१/३१ गते (बैंकिङ्ग समय पश्चात्)

दरखास्त दिन पाउने न्यूनतम इकाई संख्या	१००
दरखास्त दिन पाउने अधिकतम इकाई संख्या	१,२०,००,०००

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१०/- प्रति इकाईका दरले ।

आरविवि म्युचुअल फण्ड २ (RBB MUTUAL FUND 2)

आव्हान पत्र

यो विवरण पुस्तिका नभई केवल आव्हान पत्र मात्र हो ।

नेपाल धितोपत्र बोर्डबाट योजना संचालन तथा विवरण पुस्तिका स्वीकृत मिति : २०७९/१२/०८ गते ।

१. योजना सम्बन्धी संक्षिप्त जानकारी :

१.१	क	योजनाको नाम	**आरविवि म्युचुअल फण्ड २** (RBB Mutual Fund 2)
	ख	योजनाको आकार	रु.१,२०,००,००,०००/- (रु.एक अर्ब बिस करोड)
	ग	योजनाको प्रकार	बन्दमुखी (Close-end)
१.२	क	निष्काशन गर्न लागिएको इकाई संख्या	१२,००,००,००० (बाह्र करोड) इकाई
	ख	प्रति इकाई अंकित मूल्य	रु.१०/- (अक्षेरुपी दश रुपैया मात्र)
	ग	न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या	६,००,००,००० (छ करोड) इकाई (बिक्री खुला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधि भित्र कम्तीमा ५० प्रतिशत इकाई खरिद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँड गर्न सकिनेछ तर न्युनतम संख्यामा इकाई बिक्री नभएमा योजना खारेज गरि पन्ध्र दिन भित्र निवेदकहरुको रकम फिर्ता गर्न भुक्तानी प्रकृया शुरु गरिने छ ।)
	घ	अधिकतम सकारिने इकाई संख्या	१५,००,००,००० (पन्ध्र करोड) इकाई (निष्काशन गरिएको भन्दा बढि संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई संख्याको २५ प्रतिशत सम्म थप गरि इकाई बाँडफाँड गर्न सकिने छ ।)
	ङ	योजनाको अवधि	१० बर्ष
	च	योजना परिपक्व हुने मिति	योजना इकाई बाँडफाँड भएको मितिले १० बर्ष (उक्त अवधी पश्चात् योजनाको सम्पत्तिलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसावले प्रचलित कानून बमोजिम वितरण गरिने)
	छ	इकाई बिक्री खुल्ला हुने मिति	२०८०/०१/१७
	ज	इकाई बिक्री बन्द हुने मिति	२०८०/०१/२१
	झ	इकाई बिक्री केन्द्रहरु	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्वा (C-ASBA) सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तीनका शाखा कार्यालयहरु ।
	ञ	आवेदकले खरिद गर्नुपर्ने न्यूनतम इकाई संख्या	१०० (एक सय)
	ट	आवेदकले खरिद गर्न सक्ने अधिकतम इकाई संख्या	१,२०,००,००० (एक करोड बिस लाख)
	ठ	इकाई बिक्री तथा बाँडफाँड सम्बन्धी व्यवस्था	इकाई बिक्रीका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र बाँडफाँड निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँड गरिने ।
	ड	सूचिकरण तथा दोस्रो बजार कारोबार व्यवस्था	इकाईहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकृत गरी कारोवारको व्यवस्था गरिने ।
१.३		योजनाको मुनाफा वितरणको लक्ष्य	योजनाले कमाएको खुद नाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिने । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिने ।
१.४		इकाई खरिद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु	नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैर आवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित नेपाल कानून बमोजिम दर्ता भएका फर्म, संघ तथा संगठित संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु, सञ्चयकोष, नागरिक लगानी कोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष, अवकाश कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्ने ।
१.५		योजना व्यवस्थापकको नाम तथा ठेगाना	आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाडौं ।
		स्थापना गर्ने ऐन	कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ ।
		दर्ता मिति	कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०७२/१०/१५
		बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति	नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मितिः २०७७/१०/२१
१.६		योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	एच.के.एस.डि. एसोसिएट, न्युप्लाजा, पुतलीसडक, काठमाडौं ।
१.७		योजनाको लेखापरीक्षकको नाम तथा ठेगाना	नेपाल धितोपत्र बोर्डबाट स्वीकृत लिई लेखापरिक्षक नियुक्त गरिने ।
१.८		कोष सुपरिवेक्षकको नाम तथा ठेगाना	१. प्रा.डा. डिल्ली राज शर्मा, भगवती-५, अर्घाखाँची । २. सिए मधु विर पाण्डे, सुविधानगर-३२, काठमाडौं । ३. डा. खोमराज खरेल, मुसिकोट-५, गुल्मी । ४. श्री दुर्गा राज रेग्मी, थापाठाना-६, पर्वत । ५. व.अ. सानु राज पोखरेल, माहारानी झोडा- ३, झापा ।
१.९		रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत	कोष प्रवर्द्धकको रेटिङ्ग कम्पनी : केयर रेटिङ्ग नेपाल लिमिटेड । कोष प्रवर्द्धकको रेटिङ्ग : CARE-NP A+ (Is) योजना व्यवस्थापकको रेटिङ्ग कम्पनी : इक्रा नेपाल लिमिटेड । योजना व्यवस्थापकको रेटिङ्ग : [ICRANP] AMC Quality 3 (AMC3)
१.१०		लगानीका क्षेत्रहरु	नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधीनमा रही इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ : १. बोर्डमा दर्ता भएको धितोपत्र । २. सार्वजनिक निष्काशन भएको धितोपत्र । ३. धितोपत्र बिनिमय बजारमा सूचिकृत धितोपत्र । ४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सूरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी वील तथा मुद्रा बजारका अन्य साधनहरु । ५. बैंक निक्षेप । ६. मुद्रा बजार उपकरण । ७. बोर्डले तोकिदिएको अन्य क्षेत्र ।
१.११		योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना	योजना व्यवस्थापक कम्पनी श्री आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाडौंले नै डिपोजिटरीको कार्य गर्ने ।
१.१२		खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था	निर्देशिकाले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिने र सो विवरण नियमावलीले व्यवस्था गरे बमोजिम सार्वजनिक गरिने छ । सो सम्बन्धी विस्तृत विवरण स्वीकृत विवरण पुस्तिकाको बुँदा ८.९ (क) र (ख) मा उल्लेख गरिएको छ ।

२. कोष प्रवर्द्धक सम्बन्धी जानकारी :

कोष प्रवर्द्धकको नाम : श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

कोष प्रवर्द्धकको संक्षिप्त इतिहासः

राष्ट्रिय वाणिज्य बैंक मिति २०२२ साल माघ १० गते साविक राष्ट्रिय वाणिज्य बैंक ऐन, २०२१ अन्तर्गत बैंकिङ्ग सम्बन्धि कारोवार गर्न स्थापना भएको बैंक हो । यो बैंक वाणिज्य बैंक ऐन, २०३१ बमोजिम संचालन हुदै आएकोमा मिति २०६३ साल बैशाख ६ गते लिमिटेड कम्पनीको रुपमा कम्पनी ऐन, २०६३ (कम्पनी अध्यादेश, २०६२) बमोजिम नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई कम्पनीको रुपमा स्थापित भएको हो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ३१ को उपदफा (१) वमोजिम) नेपाल राष्ट्र बैंकले "क" वर्गको बैंकमा वर्गीकरण गरे बमोजिम मिति २०६३/०४/०६ मा बित्तीय कारोवार गर्ने इजाजत पत्र प्राप्त भई बैंकले वित्तीय कारोवार गर्दै आएको छ ।

नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७५ साल बैशाख ३ गते तात्कालिन एन.आइ.डि.सी डेभलपमेण्ट बैंक लिमिटेड यस बैंकमा गाभ्ने निर्णय स्वीकृत भई मिति २०७५ साल बैशाख १६ गते नेपाल राष्ट्र बैंकबाट एकिकृत बित्तीय कारोवार गर्ने स्वीकृति प्राप्त गरी मिति २०७५ बैशाख १९ गतेदेखि कारोवार सुरु गरी "क" वर्ग को इजाजतपत्र प्राप्त संस्थाको रुपमा बैंकले आफ्नो कारोबार सञ्चालन गरिआएको छ ।

यस बैंकमा नेपाल सरकारको ९९.९७% संस्थापक शेयर स्वामित्व रहेको र सर्वसाधारण शेयरधनीहरुको ०.०३% शेयर स्वामित्व रहेको छ ।

३. कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु :

कम्पनीको प्रबन्धपत्र अनुसार कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) बैंकको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैकिङ्ग/वित्तीय मध्यस्यता सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादानशील व्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक बैकिङ्ग/वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रबर्धन गर्न र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकिय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागी सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,

(घ) बैकिङ्ग सेवामा जोखिम कम गर्दै बैकिङ्ग क्षेत्रको उदारीकरणमा मद्धत पुर्‍याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुर्‍याउने,

(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधरणको विश्वासनीयता अभिवृद्धि गर्ने सहयोग पुर्‍याउने,

(च) वित्तीय मध्यस्थता सम्बन्धी विविध कारोवार सञ्चालन गर्ने,

(छ) संस्थागत बिमा अभिकर्ताको रुपमा कार्य गर्ने ।

४. कोष प्रवर्द्धकको विगत तीन वर्षको वित्तीय विवरण :

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको विगत तीन वर्षको लेखापरीक्षण भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

राष्ट्रिय वाणिज्य बैंक तथा सहायक कम्पनी समेतको समष्टिकृत वासलातः *(रु. हजारमा)*

विवरण	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९
सम्पत्ति			
नगद तथा नगद समान	७,०९६,९८२	१५,७७२,५६१	७,८९२,३०३
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम	१७,९३४,७६४	२०,१२८,४९९	१६,४२३,३१७
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी (प्लेसमेन्ट)	४८,१२०	-	-
व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण		१,४९६	-
अन्य व्यापारीक सम्पत्तिहरु	-	२०,९५४	३८,६५७
बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी	४,४५६,७५४	१५,४३४,०७४	१६,५३३,७८३
ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी	१५०,७९७,८४६	१७७,८७०,९८२	२१०,१८३,७६४
धितोपत्रमा गरेको लगानी	७४,८६५,६७७	७१,२३३,२२४	६५,५७१,०३६
चालु कर सम्पत्ति	२,६४९,७७९	३,३४१,५४५	३,६३७,४६२
[illegible]	[illegible]	[illegible]	[illegible]

[illegible]

विवरण	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९
प्रति शेयर नेटवर्थ (रु.)	२५६	३०२	२२७.६८
प्रति शेयर आम्दानी (रु.)	४८.७७	३७.४४	३४.७९
संचित नाफा नोक्सान (रु.हजारमा)	८१५,०८५	३,५१९,६०३	१,९१९,४०६

५. योजना व्यवस्थापक सम्बन्धी विवरण :

१. ***योजना व्यवस्थापकको नाम :*** **श्री आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड**

२. ***योजना व्यवस्थापक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण :***
योजना व्यवस्थापक कम्पनी : श्री आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापना भई धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी-मर्चेन्ट बैंकरको रूपमा कार्य गर्न अनुमती प्राप्त संस्था हो ।

३. ***योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना :*** टेकु, काठमाण्डौ ।

४. ***योजना व्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास :***
श्री आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको पूर्ण स्वामित्व भएको एक सहायक कम्पनी हो । आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड नेपाल सरकार, उद्योग मन्त्रालय अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा सम्वत २०७२ साल माघ १५ गते दर्ता नं. १४४६०९।०७२।०७३ मा दर्ता भएको कम्पनी हो । यो कम्पनी आन्तरिक राजश्व कार्यालय, करदाता सेवा कार्यालय त्रिपुरेश्वरमा स्थायी लेखा नं.६०३५८६१४९ मा दर्ता भएको छ । नेपाल धितोपत्र बोर्डबाट सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट मिति २०७७ साल माघ २१ मा योजना व्यवस्थापक तथा डिपोजिटरीको रुपमा कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था हो । यस कम्पनीले निष्काशन तथा व्यवस्थापन गर्न लागेको यो आरविवि म्युचुअल फण्ड २ दोस्रो योजना हो । आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको मूख्य उद्देश्य धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा प्रचलित कानुनद्धारा परिभाषित धितोपत्र निष्काशन गर्न सक्ने कम्पनी वा अन्य संगठित संस्थाको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक, शेयर रजिष्ट्रार, लगानी व्यवस्थापक तथा धितोपत्रको प्रत्याभूतिका कार्यहरु, सामूहिक लगानी कोष र लगानीका लागि विशेषज्ञ सेवा उपलब्ध गराउने रहेको छ ।

६. योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :

प्रबन्धपत्रमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१) धितोपत्र निष्काशनका लागी विवरण पत्र, बिक्री सम्बन्धी प्रस्ताव तथा अन्य विवरण तयार गर्ने लगायत धितोपत्रको निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी आवश्यक सबै कार्यहरु गर्ने,
२) संगठित संस्थासँग सम्झौता गरी संगठित संस्थाले निष्काशन गरेको धितोपत्र बिक्री नभएको अवस्थामा आफूले खरिद गर्न प्रत्याभूति (अण्डरराईटिङ्ग) दिने कार्य गर्ने,
३) संगठित संस्थाको तर्फबाट धितोपत्रधनीहरुको अभिलेख राख्ने तथा धितोपत्रहरुको नामसारी लगायत शेयर रजिष्ट्रेशन सम्बन्धी अन्य सेवा प्रदान गर्ने शेयर रजिष्ट्रारको कार्य गर्ने,
४) ग्राहकसंग सम्झौता गरी लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रूपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने,
५) सम्बन्धित निकायको स्वीकृती लिई ट्रष्टी, डिपोजिटरी र योजना व्यवस्थापकको रुपमा कार्य गर्ने,
६) कर्पोरेट प्रोजेक्ट काउन्सेलिङ्ग, ईन्भेष्टमेन्ट एडभाइजरी सर्भिस र मर्जर एण्ड एक्विजिसन सम्बन्धी कार्य गर्ने,
७) क्यापिटल रिस्ट्रक्चरीङ्ग, भेन्चर क्यापिटल, लोन सिण्डिकेशन, हेज फण्ड, प्राईभेट इक्युटी तथा वर्किङ्ग क्यापिटल फाईनान्सिङ्ग सम्बन्धी कार्य गर्ने,
८) अन्य कम्पनीको धितोपत्र, वण्ड, डिबेन्चर आदीमा लगानी गर्ने गराउने,
९) नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई इन्भेष्टमेन्ट बैकिङ्ग/मर्चेन्ट बैकिङ्ग संग सम्बन्धित नयाँ र समसामयिक अन्य कार्यहरु गर्ने,
१०) नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई पूँजी बजारको विकासका लागी देशका, विदेशका सम्बन्धित क्षेत्रका अन्य कम्पनीसंग साझेदारी (जोईन्ट भेन्चर) गर्न परेमा सो गर्ने वा अन्य कुनै आवश्यक प्राविधिक सेवा (टेक्निकल सर्भिस) वा व्यवस्थापन करार लिन परेमा सो लिने,
११) कम्पनीलाई आवश्यक पर्ने रकम बैक वा अन्य कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने ।

७. योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको सञ्चालक समितिको संरचना तथा प्रतिनिधित्व देहाय बमोजिम रहेको छ :

क्र.सं.	विवरण	संख्या
१.	संस्थापक समूह 'क' श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेडबाट प्रतिनिधी	४ (चार) जना
२.	स्वतन्त्र व्यवसायिक सञ्चालक	२ (दुई) जना
	जम्मा	६ जना

८. योजना व्यवस्थापकको पूँजी संरचना सम्बन्धी जानकारी :

(क) **अधिकृत पूँजी** :रु.२०,००,००,०००/- (अक्षेरेपी बीस करोड मात्र) रहेको छ । उक्त पूँजी रू.१००/- का दरले २०,००,००० (बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
(ख) **जारी पूँजी** : रु.२०,००,००,०००/-(अक्षेरेपी बीस करोड मात्र) रहेको छ । उक्त पूँजी रू.१००/- का दरले २०,००,००० (बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
(ग) **चुक्ता पूँजी** :रु.२०,००,००,०००/-(अक्षेरेपी बिस करोड मात्र) रहेको छ । उक्त पूँजी रू.१००/- का दरले २०,००,००० (बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

९. योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी :

क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा), शैक्षिक योग्यता र अनुभव :

क्र.सं.	नाम	ठेगाना	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव
१	श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड	सिंहदरवार प्लाजा, काठमाडौं	-	१००%	-	बैकिंङ क्षेत्रमा ५७ वर्ष देखि सेवा दिईरहेको नेपालको 'क' वर्गको इजाजत प्राप्त बैंकको रुपमा स्थापित ।

ख) संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शैक्षिक योग्यता र अनुभव :

क्र.सं.	नाम	पद	उमेर	ठेगाना	राष्ट्रियता	शैक्षिक योग्यता	अनुभव
१.	श्री देवेन्द्र रमण खनाल	अध्यक्ष	४९	गोरखा-६, गण्डकी	नेपाली	चार्टर्ड एकाउन्टेन्ट/ एम.वि.ए/ एल.एल.वि	• नायव प्रमुख कार्यकारी अधिकृतः राष्ट्रिय वाणिज्य बैंक लि.मा मिति २०७८/०९/१८ देखि हालसम्म । • राष्ट्रिय वाणिज्य बैंक लि.को कर्जा, ट्रेजरी, आन्तरिक लेखा परिक्षण, क्षे.का.प्रमुख, मुख्य शाखा कार्यालय, बैकको कर्जा, असुलि, मानव संशाधन र कानुन विभागको कार्यअनुभव । • N Krishna Swamy & Company Chartered accountant रहि लेखापरिक्षणमा ७ बर्षको कार्यअनुभव ।
२.	श्री पवन रेग्मी	सञ्चालक	४३	ढापुक-५, स्याङ्गजा	नेपाली	एम.फिल (अर्थशास्त्र)/ एम.बी.एस.	• उप कार्यकारी अधिकृतः राष्ट्रिय वाणिज्य बैंक लि.मा मिति २०७८/०९/१८ देखि हाल सम्म । • राष्ट्रिय वाणिज्य बैंक लि.को ट्रेजरी विभाग, मार्केटिङ्ग तथा अनुसन्धान विभागको विभागिय प्रमुख सहित बजेट, वित्त, कर्जा र शाखा प्रबन्धक लगायत १७ वर्षको कार्य अनुभव ।
३.	श्री दुर्गा कुमारी कडेल	सञ्चालक	४७	ज्वालामुखी-७, धादिङ्ग	नेपाली	एम.पि.ए., एम.बि.एस., एल.एल.बि.	• उप कार्यकारी अधिकृतः राष्ट्रिय वाणिज्य बैंक लि.मा मिति २०७९/०३/३२ देखि हाल सम्म । • राष्ट्रिय वाणिज्य बैंक लि.को जोखिम व्यवस्थापन तथा कर्जा विभाग, मुख्य शाखा कार्यालय प्रमुख, कानुन विभाग, सम्पत्ति व्यवस्थापन विभाग प्रमुखको जिम्मेवारी सम्हालेको, बैकिङ्ग क्षेत्रमा १८ वर्षको कार्य अनुभव ।
४.	श्री राम कुमार थापा	सञ्चालक	५०	गोकर्णेश्वर-९, काठमाडौं	नेपाली	एम.फिल. (फाईनान्स)	• राष्ट्रिय वाणिज्य बैंक लि.मा मिति २०७५/०१/१९ देखि हालसम्म । • राष्ट्रिय वाणिज्य बैंक लि.को योजना, अनुसन्धान तथा व्यवस्थापन सुचना प्रणाली विभाग प्रमुखको जिम्मेवारी सम्हालेको, बैकिङ्ग क्षेत्रमा २५ वर्षको कार्य अनुभव ।
५.	श्री राजेन्द्र प्रसाद दाहाल	स्वतन्त्र सञ्चालक	५६	मधुवन-११, सुनसरी	नेपाली	एम.बी.ए	• 'क' बर्गको वाणिज्य बैंकको विभिन्न विभागमा ३० वर्ष कार्य अनुभव भै मुख्य प्रबन्धक बाट सेवा निवृत भएको ।
६.	श्री कृष्ण श्रेष्ठ	स्वतन्त्र सञ्चालक	६१	गोकर्णेश्वर-१, काठमाडौं	नेपाली	एम.बी.ए	• 'क' बर्गको वाणिज्य बैंकको विभिन्न विभागमा ३४ वर्ष कार्य अनुभव भएको ।

१०. योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम, पद, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभवसम्बन्धी विवरण :

क्र.सं.	नाम	पद	उमेर (बर्ष)	शैक्षिक योग्यता	अनुभव
१.	श्री बद्रि प्रसाद प्याकुरेल	प्रमुख कार्यकारी अधिकृत	५२	एम.ए. (अर्थशास्त्र)	• आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेडमा मिति २०७६ कार्तिक १ गते देखि हाल सम्म प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत । • एनआइबिएलएस क्यापिटलमा सहायक महाप्रबन्धक भै ६.५ वर्ष कार्य अनुभव । • नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लि.मा २.५ वर्षको सञ्चालकको अनुभव । • डादी हाईड्रो पावर लिमिटेडमा २.५ वर्षको सञ्चालकको अनुभव । • सिभिल क्यापिटल मार्केट्स लिमिटेडमा, प्रबन्धकमा ४ बर्षको कार्य अनुभव । • विराटलक्ष्मी विकास बैंक लिमिटेडमा ७.५ वर्षको सञ्चालकको अनुभव । • नेपाल फाइनान्स लिमिटेड, मर्चेन्ट बैंकिङ्ग, प्रमुख भै १ बर्षको कार्य अनुभव । [illegible]
[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]

११. योजना व्यवस्थापकको वित्तीय विवरण :

[illegible]

१२.

[illegible]

[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]
२	सिए मधु विर पाण्डे	लेखा तथा लेखापरिक्षणको ३० वर्षको अनुभव	लेखापरिक्षण व्यवसाय	लेखापरिक्षण व्यवसायमा संलग्न ।
३	डा. खोमराज खरेल	विभिन्न शैक्षिक संस्थाहरुमा २४ वर्षको शिक्षण तथा प्रसासनिक क्षेत्रको अनुभव	शिक्षण	सरस्वती ब. क्याम्पस त्रि.वि.मा कार्यरत ।
४	श्री दुर्गा राज रेग्मी	बैंकिङ्ग तथा बीमा क्षेत्रमा ३१ वर्षको अनुभव	व्यवस्थापन	हाल अन्य कार्यमा कार्यरत नरहेको ।
५	व.अ. सानु राज पोखरेल	कानुन व्यवसायमा २८ वर्षको अनुभव	कानुन व्यवसाय	स्टार ल फर्ममा साझेदार, वरिष्ठ अधिवक्ताको रुपमा कार्यरत ।

१३. योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका :

(क) प्रचलित कानूनको अधीनमा रही योजना सञ्चालन गर्न योजनाको विवरण पुस्तिकाको सत्यता सम्बन्धमा अध्ययन गरी स्वीकृतिका लागि पठाउन अनुमोदन गर्ने,
(ख) योजना व्यवस्थापकले प्रचलित कानून तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने, सहभागीको हित संरक्षण गर्ने,
(ग) योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने, योजनाको खुद सम्पत्ति मूल्यको जाँच गर्ने,
(घ) योजना अर्न्तगतका सम्पत्ती तथा कागजातहरु सुरक्षितसाथ राखिए नराखिएको सुपरिवेक्षण गर्नुपर्ने,
(ङ) बोर्डबाट स्वीकृत योजना बमोजिम योजना सञ्चालन भए नभएको सुपरिवेक्षण गर्ने,
(च) योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्नुपर्ने ,
(छ) योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्नुपर्ने,
(ज) योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्नुपर्ने,
(झ) योजना व्यवस्थापकसँग योजना व्यवस्थापकले गरेको काम कारवाहीबारे कुनै विवरण वा जानकारी माग गर्न सक्ने,
(ञ) माग गरिएको विवरण वा जानकारीबाट वा अन्य कुनै श्रोतबाट योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा कार्य सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्नेछ,
(ट) दिइएको निर्देशन योजना व्यवस्थापकले पालना नगरेमा सोको जानकारी बोर्डलाई दिने, योजना व्यवस्थापकले ऐन वा नियमावलीको उल्लङ्घन गरेमा वा आफ्नो निर्देशन बारम्बार उल्लङ्घन गरेमा कोष सुपरिवेक्षकले बोर्डलाई जानकारी गर्न सक्ने लगायतको भूमिका कोष सुपरिवेक्षकबाट निर्वाह हुनेछ ।

१४. योजनाको उद्देश्य :

इकाई बिक्रीबाट संकलित रकम योजना व्यवस्थापकले दक्षता पूर्वक स्वीकृत विवरण पुस्तिकाको बुँदा ८.३ बमोजिमका लगानीका क्षेत्रहरुमा लगानी गरी लगानीकर्ताहरुलाई उच्च प्रतिफल दिई धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुर्‍याउने उद्देश्यले यस योजनाको इकाईहरु निष्काशन गरिएको हो । योजनाको खुद सम्पत्ति मूल्यको सीमाभित्र रही सामूहिक लगानी कोष निर्देशिकामा तोकिए बमोजिम सार्वजनिक निष्काशन गरिएका धितोपत्रको प्रत्याभूति (अन्डरराईट) गर्ने । साथै योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्ने उद्देश्य रहेको छ । यस योजना १० वर्षे अवधि भएको बन्दमुखी Balanced type योजना हो । यस योजनाले इकाईधनीहरुलाई प्रदान गर्ने प्रक्षेपित वार्षिक औषत प्रतिफल २४.६२% तथा जोखिम स्तर मध्यम रहेको छ ।

१५. योजनाले लगानी गर्ने क्षेत्र :

नियमावलीको नियम ३४ र ३६ एवं निर्देशिकाको अधीनमा रही इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी गरिने उद्घोष गर्दछौं :

(१.) बोर्डमा दर्ता भएको धितोपत्र ।
(२.) सार्वजनिक निष्काशन भएको धितोपत्र ।
(३.) धितोपत्र बिनिमय बजारमा सूचीकृत धितोपत्र ।
(४.) नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी वील तथा मुद्रा बजारका अन्य साधनहरु ।
(५.) बैंक निक्षेप ।
(६.) मुद्रा बजार उपकरण ।
(७.) बोर्डले तोकिदिएको अन्य क्षेत्र ।

उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्यनजर गरि प्रतिफलको आधारमा एक क्षेत्रको लगानीलाई अन्य क्षेत्रको लगानीमा सार्न सकिनेछ । नियमावलीको एवं निर्देशिकाको अधिनमा रहि योजनाको रकम देहाय बमोजिमको सिमाभित्र रहि हुनेछ ।

(क) कुनै एक संगठित संस्थाको साधारण शेयरमा त्यस्तो संस्थाको कुल चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढि नहुने गरी,
(ख) कुनै एक संगठित संस्थाले निष्काशन गरेको अग्राधिकार शेयर वा डिबेञ्चरको बीस प्रतिशत भन्दा बढी नहुने गरी,
(ग) कुनै एक संगठित संस्थाको धितोपत्रमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी,
घ) अन्य सामुहिक लगानी कोष अन्तर्गतको योजनामा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी,
(ङ) बैंकको मुद्दती निक्षेपमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको १५ प्रतिशत भन्दा बढी नहुने गरी । तर, योजनाको निर्धारित अवधि समाप्त हुनुभन्दा बढीमा ६ महिना अगाडि देखि बैंकको मुद्दती निक्षेप राख्न यो व्यवस्थाले बाधा पर्नेछैन ।
(च) मुद्रा बजार उपकरणमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी ।

उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्यनजर गरि प्रतिफलको आधारमा एक क्षेत्रको लगानीलाई अन्य क्षेत्रको लगानीमा सार्न सकिनेछ ।

१६. खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था:

१ ***खुद सम्पत्ति मूल्य गणना गर्ने विधि:***
प्रति इकाई खुद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यु) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई संख्याले भाग गरी प्रति इकाई खुद सम्पत्ति मूल्य कायम गरिनेछ । खुद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

प्रति इकाई खुद सम्पत्ति मूल्य = (लगानीको मूल्य) + (प्रतिफल) + (अन्य आय) - दायित्व तथा अपलेखन नगरिएको स्थगन तथा विविध खर्च / कुल इकाई संख्या

२ ***खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी व्यवस्था:*** योजनाका इकाईहरु बाँडफाँड भएको एक महिना भित्र योजना व्यवस्थापकले प्रथम खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ । नियमावलीको व्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ति मूल्य योजना व्यवस्थापकको वेवसाईट www.rbbmbl.com.np मा सार्वजनिक गरिनेछ । साथै योजना व्यवस्थापकले प्रत्येक महिनामा योजनाले धितोपत्रमा गरेको लगानीको रकम, लगानी गरेको धितोपत्रहरुको बजार मूल्य, योजनाको आम्दानी तथा खर्चहरु, योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य र सो गणनाको आधार आदी सम्बन्धी विवरणहरु सो महिना समाप्त भएको पन्ध्र दिनभित्र कोष सुपरिवेक्षक र बोर्डलाई जानकारी गराई राष्ट्रिय स्तरको पत्रिकामा कम्तीमा एक पटक प्रकाशन गर्नेछ तथा योजनाको त्रैमासिक प्रतिवेदन प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिन भित्र कोष सुपरिवेक्षक र बोर्ड समक्ष पेश गर्नेछ र सो विवरण आफ्नो वेबसाईटमा समेत राख्नेछ ।

१७. योजनाको मुनाफा वितरणको लक्ष्य :

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफामध्ये आवश्यकतानुसार सञ्चित मुनाफा (Retained Earning) पुनःलगानी गरिनेछ ।

१८. लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने कर सम्बन्धी व्यवस्था :

नेपाल सरकारले आर्थिक ऐन २०७७/०७८ बाट सामुहिक लगानी कोषलाई कर छुट संस्थामा वर्गिकरण गरेको हुँदा सामुहिक लगानी कोषको उद्देश्य अनुरुपको आयमा आयकर नलाग्ने व्यवस्था गरेको छ । योजनाले इकाई धनीहरुलाई वितरण गरेको मुनाफामा आयकर ऐन २०५८ अनुसारको अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ ।
आयकर ऐन २०५८ को दफा ८८(१)(६) मा भएको व्यवस्था बमोजिम सामुहिक लगानी कोषबाट वितरण गरिने प्रतिफलमा प्राकृतिक व्यक्तिलाई ५ प्रतिशत तथा अन्यलाई १५ प्रतिशतका दरले कर कट्टी गरिनेछ ।

१९. प्रति इकाई खुद सम्पति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी विवरण :

प्रक्षेपित खुद सम्पत्ति मूल्य *(रु. हजारमा)*

विवरण	बर्ष १	बर्ष २	बर्ष ३	बर्ष ४	बर्ष ५
जम्मा इकाई	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००
सूचीकृत धितोपत्र तथा धितोपत्र सम्बन्धी उपकरणहरु	४९७,७५०	६७१,७०४	८५२,०९१	१,०३९,१४८	१,२०२,०१३
स्थिर आम्दानी उपकरणहरु	२४०,०००	२४०,०००	२४०,०००	२४०,०००	२४०,०००
नगद तथा बैंक मौज्दात	६०३,३४७	५२६,६४५	४५६,३१५	३९७,५६५	३७४,८२१
कुल सम्पत्तिको मुल्य	**१,३४१,०९७**	**१,४३८,३४९**	**१,५४८,४०६**	**१,६७६,७१३**	**१,८१६,८३४**
तिर्न बाँकी स्कीम व्यबस्थापन शुल्क	९,९६७	१०,६९०	११,५०८	१२,४६१	१३,५०३
तिर्न बाँकी डिपोजिटरी शुल्क	१,३२९	१,४२५	१,५३४	१,६६२	१,८००
तिर्न बाँकी स्कीम सुपरिवेक्षण शुल्क	८६४	९२६	९९७	१,०८०	१,१७०
लाभांश अघिको खुद सम्पत्तिको मुल्य	**१,३२८,९३७**	**१,४२५,३०७**	**१,५३४,३६७**	**१,६६१,५१०**	**१,८००,३६१**
लाभांश अघिको खुद सम्पत्ति प्रति इकाई	**११.०७**	**११.८८**	**१२.७९**	**१३.८५**	**१५.००**
लाभांश वितरण	७७,८३१	१०५,१७३	१२८,६९२	१५३,१४५	१७४,३९१
लाभांश पछिको खुद सम्पत्तिको मुल्य	**१,२५१,१०६**	**१,३२०,१३४**	**१,४०५,६७५**	**१,५०८,३६५**	**१,६२५,९७०**
लाभांश पछिको खुद सम्पत्ति प्रति इकाई	**१०.४३**	**११.००**	**११.७१**	**१२.५७**	**१३.५५**
लाभांश प्रति इकाई	**६%**	**९%**	**११%**	**१३%**	**१५%**
बार्षिक लगानीमा प्रतिफल	**१०.७४%**	**१३.९२%**	**१६.२३%**	**१८.२०%**	**१९.३६%**
सञ्चित लगानीमा प्रतिफल	**१०.७४%**	**२४.६७%**	**४०.९०%**	**५९.१०%**	**७८.४६%**

विवरण	बर्ष ६	बर्ष ७	बर्ष ८	बर्ष ९	बर्ष १०
जम्मा इकाई	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००
सूचीकृत धितोपत्र तथा धितोपत्र सम्बन्धी उपकरणहरु	१,३५०,१६२	१,४८३,०४९	१,६००,१११	१,७००,७६३	१,७६३,६५७
स्थिर आम्दानी उपकरणहरु	२४०,०००	२४०,०००	२४०,०००	२४०,०००	२४०,०००
नगद तथा बैंक मौज्दात	३७८,९२३	४०८,९०७	४६३,८५७	५४२,८१७	६६०,७२०
कुल सम्पत्तिको मुल्य	**१,९६९,०८५**	**२,१३१,९५६**	**२,३०३,९६८**	**२,४८३,५८०**	**२,६६४,३७७**
तिर्न बाँकी स्कीम व्यबस्थापन शुल्क	१४,६३४	१५,८४५	१७,१२३	१८,४५८	१९,८०२
तिर्न बाँकी डिपोजिटरी शुल्क	१,९५१	२,११३	२,२८३	२,४६१	२,६४०
तिर्न बाँकी स्कीम सुपरिवेक्षण शुल्क	१,२६८	१,३७३	१,४८४	१,६००	१,७१६
लाभांश अघिको खुद सम्पत्तिको मुल्य	**१,९५१,२३१**	**२,११२,६२६**	**२,२८३,०७८**	**२,४६१,०६१**	**२,६४०,२१९**
लाभांश अघिको खुद सम्पत्ति प्रति इकाई	**१६.२६**	**१७.६१**	**१९.०३**	**२०.५१**	**२२.००**
लाभांश वितरण	१९३,९७९	२११,७४०	२२७,५९२	२४१,४४६	२५०,३९७
लाभांश पछिको खुद सम्पत्तिको मुल्य	**१,७५७,२५२**	**१,९००,८८५**	**२,०५५,४८७**	**२,२१९,६१५**	**२,३८९,८२२**
लाभांश पछिको खुद सम्पत्ति प्रति इकाई	**१४.६४**	**१५.८४**	**१७.१३**	**१८.५० **	**१९.९२**
लाभांश प्रति इकाई	**१६%**	**१८%**	**१९%**	**२०%**	**२१%**
बार्षिक लगानीमा प्रतिफल	**२०.००%**	**२०.२२%**	**२०.११%**	**१९.७३%**	**१८.९५%**
सञ्चित लगानीमा प्रतिफल	**९८.४६%**	**११८.६८%**	**१३८.७९%**	**१५८.५२%**	**१७७.४७%**

२०. योजनामा अर्न्तनिहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

क) सामान्य जोखिम तत्वहरुः

(१) ***सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :*** सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीमा प्रत्यक्ष असर गर्ने हुदा यस योजनाले नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पुरा हुने सुनिश्चितता गरेको मानिने छैन ।

(२) ***धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटबढ हुने सम्बन्धमा :*** योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यस्तो लगानीमध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

(३) ***कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमा :*** योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाव किताव समेत छुट्टै रुपमा राख्ने र सो को नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्यसम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्ने छैन ।

(४) ***कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सो को जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :*** योजनामा गरिने लगानीको जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ । योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले गर्दछ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सो को जिम्मेवारी कोष प्रवर्द्धकले लिने छैन ।

(५) ***यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :*** यस योजना अन्तर्गत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिनेछ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सुव्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता गर्ने छैन ।

ख) खास जोखिम तत्वहरु :

(१) ***प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :*** यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अङ्कित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा लाभांश पाउने छन् । यस्तो लाभांश योजनाले आफ्नो लगानी वापत प्राप्त गर्ने [illegible]

[illegible]

२१.

[illegible]

२२.

[illegible]

(ज) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई इकाईको बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

३. योजनाको इकाई खरिदका लागि आवेदन दिंदा आवेदन फाराममा आफुले लिन चाहेको इकाई संख्या तथा रकम स्पष्ट रुपमा भरी बुझाउनु पर्दछ । योजनाका इकाईहरु खरीद गर्दा न्यूनतम १०० इकाई तथा सो भन्दा माथि १० को गुणांकमा अधिकतम १,२०,००,००० ईकाइ सम्म खरिद गर्न सकिनेछ । आवेदन फाराममा प्रति इकाई वापत रु.१०/- का दरले शत् प्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ ।

४. इकाई खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गर्नेछ ।

५. योजना निष्काशन सम्बन्धी विवरण पुस्तिका, योजना व्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली तथा अन्य सम्बन्धित कागजातहरु योजना व्यवस्थापकको कार्यालयमा गई हेर्न सकिनेछ ।

६. नेपाल धितोपत्र बोर्डबाट सहभागी बैंकको अनुमति प्राप्त बैंक तथा वित्तिय संस्था मध्ये आफनो खाता रहेको बैंक वित्तिय संस्थाबाट सि-आस्वा (C-ASBA) प्रणाली अर्न्तगत मात्र आवेदन गर्न सकिनेछ । सहभागिहरुले रु.५,००,०००/- वा सो भन्दा बढी दरखास्त दिने आवेदकको स्थायी लेखा नं. (PAN) रहेको तथा आवेदन वापत जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको वर्खिलाप हुने गरि आर्जन नगरेको भनि उद्घोषण गरेको यकिन गर्नुपर्नेछ ।

७. इकाई खरिद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयंले आवेदन फाराममा दस्तखत गरी तोकिएको सङ्कलन केन्द्रमा इकाई खरिदको लागि आवदेन बुझाउनुपर्नेछ । यसरी आवेदन फाराममा दस्तखत नगरेको र तोकिएका सङ्कलन केन्द्र बाहेक अन्य स्थानहरुमा आवेदन फारम बुझाएको आवेदन फारमलाई रद्द गरिनेछ ।

८. इकाईधनीहरुले योजना व्यवस्थापकको कार्य सम्पादन सम्बन्धमा वा योजना खारेजीको सम्बन्धमा योजना व्यवस्थापक समक्ष आफ्नो मत राख्न सक्नेछन् तर यो वाध्यकारी हुने छैन ।

९. इकाईधनीहरुको योजना अन्तर्गत आफ्ना नाममा रहेका इकाईहरु आफ्नो सम्पती सरह दोश्रो बजारमा बिक्री गर्न तथा दोश्रो बजारमा खरिद गरिएका इकाईहरु आफ्नो नाममा नामसारी गराउन सकिनेछ ।

१०. योजना व्यवस्थापकको निर्णय बमोजिम इकाईधनीहरुलाई नगद लाभांश वितरण गर्न सकिनेछ । यसरी वितरण गर्ने नगद लाभांश इकाईधनीहरुको बैक खातामा सोझै जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

११. इकाईधनीहरुले योजना सम्बन्धमा आफ्ना गुनासा राख्ने जस्ता अधिकार प्राप्त गर्दछन् भने योजनाले लगानी गरेका कम्पनीहरुको शेयरधनीले प्राप्तगर्ने अधिकार इकाईवालालाई प्राप्त हुँदैन ।

१२. स्वीकृत विवरण पुस्तिका बमोजिम निष्काशन गरिने इकाईहरुमा संकलित रकम विविध निर्धारित क्षेत्रका लगानी गरिने र विद्यमान परिस्थीतीमा उक्त लगानीबाट आर्जन गरिने मुनाफाबाट प्रचलित कानून बमोजिम इकाईधनीहरुमा प्रतिफल वितरण गरिनेछ ।

१३. बिक्री प्रस्तावमा उल्लेख गरिएका बाहेक अरु कसैले पनि योजना बारे विज्ञापन गर्न, जानकारी उपलब्ध गराउन वा प्रतिनिधित्व गर्न नपाउने हुँदा लगानीकर्ताले सो कुराको यकिन गर्नुपर्नेछ ।

१४. लगानीकर्ताले इकाईमा लगानी गर्नुअघि स्वीकृत विवरण पुस्तिका राम्रोसँग अध्ययन गरेर मात्र आवेदन दिन उपयुक्त हुन्छ ।

२३. विवरण पुस्तिका पाईने स्थानहरु :

क्र.सं.	विवरण पुस्तिका प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाडौं र वेवसाइट : www.rbbmbl.com.np
२.	राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सिंहदरवारप्लाजा, काठमाडौं र वेवसाइटः www.rbb.com.np
	साथै नेपाल धितोपत्र बोर्डको वेभसाइटः www.sebon.gov.np, वा सिडिएस एण्ड क्लियरिङ्गको वेभसाइटः www.meroshare.cdsc.com.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरण पुस्तिका हेर्न सक्नु हुनेछ ।

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१.	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

२४. ईकाइ बिक्री खुला गरिने मिति तथा अवधि :

स्वीकृत विवरण पुस्तिकाद्वारा निष्काशन गरिएको इकाईको लागि आवदेन दिने अवधि कम्तीमा ४ कार्य दिन तथा अधिकतम १५ दिनको लागि हुनेछ । बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको २ महिना भित्र इकाईहरुको बिक्री खुल्ला गरिनेछ ।

२५. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

योजना निष्काशनका वखत उत्पन्न हुनसक्ने गुनासाहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यस्को समाधानका लागि योजना व्यवस्थापकको तर्फबाट श्री मधुरेन्द्र साहलाई नियम पालना अधिकृतको रुपमा नियुक्त गरिएको छ । नियम पालना अधिकृतले प्राप्त गुनासो सुन्ने, सो को समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासाहरुलाई कानुन सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षक तथा नियमन निकाय नेपाल धितोपत्र बोर्डसमक्ष राखी गुनासो समाधान गर्ने प्रकृया अगाडि बढाइनेछ । लगानीकर्ताहरुले देहायबमोजिमको माध्यममार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन् : मोबाईल नं. ९८४९१२३३७९, फोन नं.: ०१-५३४३२६५, ०१-५३४०९३२, ०१-५३४०९३३, फ्याक्सः ०१-५३४५०१८, ईमेलः rbbmbl@rbbmbl.com.np

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

आरविवि मर्चेन्ट बैंकिङ्ग लि. RBB MERCHANT BANKING LTD. A subsidiary company of Rastriya Banijya Bank Ltd.

आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड
पोष्ट बक्स नं. ६६३, टेकु, काठमाण्डौ, नेपाल
फोनः ५३४३२६५/५३४०९३२/५३४०९३३, फ्याक्सः ५३४५०१८
E-mail: rbbmbl@rbbmbl.com.np

मिति २०८० बैशाख ४ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने ।